05 October 2024

**यो आकाशवाणी हो**

**मुख्य समाचार**

- **हरियाणा विधानसभाका सबै ९० सिटका लागि मतदान शान्तिपूर्ण सम्पन्न, 6१ प्रतिशत भन्दा धेरै मतदान**
- **सरकारक ा हरेक निर्णय र नीति विकसित भारतका निम्ति समर्पित रहेको प्रधानमन्त्रीको भनाई**
- **उपराष्ट्रपतिले पूर्वोत्तर क्षेत्रलाई देशको आत्मा बताउनुभयो**
- **इस्लामाबादमा हुने शाङ्घाई सहयोग संगठन शिखर सम्मेलनमा भारतले पाकिस्तानसँग आपसी सम्बन्धबारे छलफल नगर्ने विदेशमन्त्रीको भनाई**
- **जुनियर विश्व सुटिङ च्याम्पियनसिपमा भारतीय खेलाडीहरूको उत्कृष्ट प्रदर्शन जारी, अनि**
- **महिला T20 क्रिकेट विश्वकपमा अहिले इंग्ल्याण्ड र बंगलादेशको भिडन्त हुँदै**

**अब समाचार विस्तारमा**

**हरियाणा विधानसभा चुनाउ**

हरियाणा विधानसभाका सबै ९० सिटका लागि आज मतदान शान्तिपूर्ण सम्पन्न भयो। बेलुकी पाँच बजीसम्ममा 61 प्रतिशतभन्दा धेरै मतदान भएको थियो। मतदानको प्रतिशत बढ्ने सम्भावना छ। बिहान ७ बजीबाट सुरु भएको मतदान साँझ ६ बजी सम्पन्न भएको थियो। दुई करोड तीन लाखभन्दा बढी मतदाताले आज एक हजार ३१ जना उम्मेदवारहरूको राजनीतिक भाग्यको फैसला ईभीएममा बन्द गरेका छन् ।

**प्रधानमन्त्री महाराष्ट्र**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, मुम्बई र ठाणे जस्ता शहरहरू भविष्यमा विकसित भारत बनाउनका लागि तयार हुनुपर्छ। अटल सेतु, मुम्बई मेट्रो, र कोस्टल रोड लगायत मुम्बई महानगर क्षेत्रका विभिन्न पूर्वाधार परियोजनाहरूमाथि प्रकाश पार्दै प्रधानमन्त्रीले भन्नुभयो, यी परियोजनाहरूले मानिसहरूको जीवनलाई सहज बनाउने मात्र होइन उद्योगलाई बढावा दिने र नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन्। आज साँझ ठानेमा विभिन्न महत्वपूर्ण मेट्रो र सडक परियोजनाको उद्घाटन र शिलान्यासपछि उहाँले यस्तो विचार साझा गर्नुभएको हो।

यसभन्दा अघि, प्रधानमन्त्री श्री मोदीले आज महाराष्ट्रको वाशिममा भन्नुभयो, केन्द्र सरकार घुमन्ते जनजाति र समुदायहरूको विकासक ा लागि प्रतिबद्ध छ। श्री मोदीले सरकारक ा हरेक निर्णय र नीति विकसित भारतका निम्ति समर्पित छ, र किसानहरू यस दृष्टिकोणको प्रमुख स्तम्भ हुन्, भन्नुभयो।

उहाँले लगभग 23 हजार तीन सय करोड रुप ियाँक ा कृषि तथा पशुपालन सम्बन्धी विभिन्न पहलको शुभारम्भ गर्नुभयो। उहाँले वाशिमको पोहरादेवीमा बञ्जारा समुदायको समृद्ध सम्पदा झल्काउने बञ्जारा सम्पदा संग्रहालयको पनि उद्घाटन गर्नुभयो ।

श्री मोदीले लगभग 9 करोड 40 लाख किसानहरूलाई 20 हजार करोडको प्रधानमन्त्री-किसान सम्मान निधिको 18 औं किस्त ी जारी गर्नुभयो। यस अवसरमा राज्यको नमो शेतकरी महासम्मान योजना अन्तर्गत 90 लाख किसानहरूलाई 1हजार 900 करोड रुप ियाँभन्दा धेरै वितरण गरिएको थियो।

यस अवसरमा प्रधानमन्त्रीले महाराष्ट्रसित देशको आर्थिक उन्नतिको नेतृत्व गर्ने अपार क्षमता रहेको बताउँदै गरिब, किसान, मजदुर, दलित र विपन्न वर्गको सशक्तिकरण अभियान निरन्तर चलिरहँदा मात्र यो वास्तविकतामा परिणत हुने बताउनु भयो।

समारोहमा केन्द्रीय कृषि मन्त्री श्री शिवराज सिंह चौहान अनि मुख्यमन्त्री श्री एकनाथ शिन्देको उपस्थिति थियो।

**उपराष्ट्रपति - पूर्वोत्तर**

उपराष्ट्रपति श्री जगदीप धनखडले आज पूर्वोत्तर क्षेत्रलाई देशको हृदय एवम् आत्मा बताउनुभएको छ। नयाँ दिल्लीमा एउटा कार्यक्रमलाई सम्बोधन गर्दै श्री धनखडले भन्नुभयो, पूर्वोत्तर भौगोलिक क्षेत्र मात्र होइन तर संस्कृति, परम्परा र प्राकृतिक सौन्दर्यको जीवन्त चित्र पनि हो, जसले भारतको आधारभूत सारलाई झल्काउँछ। उपराष्ट्रपतिले यस क्षेत्रको समृद्ध आध्यात्मिक र प्राकृतिक सम्पदाको उल्लेख गर्नुभयो । उहाँले यसको जीवन्त संस्कृति, विशिष्ट खाना र यहाँका मानिसहरूको ऊर्जाको प्रशंसा गर्नुभयो।

श्री धनकडले भर्खरै असमियालाई शास्त्रीय भाषाको रूपमा मान्यता दिएको कुरा पनि उल्लेख गर्नुभयो। उहाँले यो मान्यताले सकारात्मकताको सञ्चार गर्ने बताउनु भयो । यसले राष्ट्रको समृद्ध सांस्कृतिक सम्पदा र विविधता झल्काउँछ। उपराष्ट्रपति श्री धनखडले सञ्चारमाध्यमलाई पूर्वोत्तरको राजदूत बन्न आग्रह पनि गर्नुभयो ।

**छत्तीसगढ- माओवादी शव**

छत्तीसगढमा पुलिसले भिडन्त स्थलबाट थप तीनजना माओवादीको शव फेला पारेको छ। हिजो अबुझमद क्षेत्रमा सुरक्षा बलसँग भएको भिडन्तमा मारिने माओवादीको संख्या बढेर ३१ पुगेको छ । घटनास्थलबाट सुरक्षाकर्मीले ठूलो संख्यामा हात हतियार फेला पारेका छन्।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**विदेश मन्त्री-SCO**

विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकरले १५ र १६ अक्टोबरमा इस्लामाबादमा हुने शाङ्घाई सहयोग संगठनको शिखर सम्मेलनमा भारतले पाकिस्तानसँग आपसी सम्बन्धबारे छलफल नगर्ने स्पष्ट पार्नु भएको छ। आज नयाँ दिल्लीमा आईसी सेन्टर फर गभर्नेन्सले आयोजना गरेको प्रशासनसम्बन्धी सरदार पटेल गोष्ठीमा सहभागी हुनेक्रममा सञ्चारकर्मीसँग कुराकारी गर्दै उहाँले यस्तो आशय व्यक्त गर्नुभएको हो। डा. जयशंकरले शिखर सम्मेलनमा आफ्नो सहभागिता बहुपक्षीय सम्बन्धमा केन्द्रित हुनेमा बताउनु भयो।

डा.जयशंकरले पछिल्ला वर्षहरूमा बैठक नबसेका कारण सार्कको विषयमा कुनै प्रगति हुन नसकेको बताउनु भयो । यसको कारण एउटा सदस्य राष्ट्र अर्को देशविरुद्ध सीमापार आतंकवादमा संलग्न रहेको उहाँको भनाइ थियो । उहाँले यो अवस्थाले सार्कलाई सामान्य रुपमा काम गर्न कठिन भएको बताउनु भयो ।

डा. जयशंकरले आतंकवाद स्वीकार्य नहुने बताउँदै छिमेकी राष्ट्रले यसलाई निरन्तरता दिएमा सार्कमा सबै सामान्य हुन नसक्ने बताउनु भयो। विदेशमन्त्रीले अन्य कुनै छिमेकी सरह भारत पनि पाकिस्तानसँग राम्रो सम्बन्ध चाहन्छ तर सीमापार आतंकवादलाई नजरअन्दाज गर्न नसकिने बताउनु भयो।

**राहुल गान्धी**

कांग्रेस नेता श्री राहुल गान्धीले आज आरक्षणमा ५० प्रतिशतको सीमा हटाउने र देशमा जाति आधारित सर्वेक्षण गर्ने प्रतिबद्धता जाहेर गर्नुभएको छ। महाराष्ट्रको कोल्हापुरमा संविधान सम्मान सम्मेलनलाई सम्बोधन गर्दै, श्री गान्धीले भारतीय संविधानको रक्षाका लागि यी दुई पहल महत्त्वपूर्ण रहेको बताउनु भयो।

**प्रल्हाद-जर्मनी यात्रा**

नवीन तथा नवीकरणीय ऊर्जामन्त्री श्री प्रल्हाद जोशी भोलिदेखि जर्मनीको तीनदिने भ्रमणमा रहनु हुनेछ । यस भ्रमणका क्रममा श्री जोशीले **ह्याम्बर्ग**मा हुने दुई दिने दिगो विकास सम्मेलनमा भाग लिनु हुनेछ । उहाँले दिगो विकास, हरित हाइड्रोजन, कम लागतको नवीकरणीय ऊर्जा मूल्य श्रृंखलामा सहयोग बढाउन जर्मनी र इंग्ल्याण्डका मन्त्रीहरू र अन्य वरिष्ठ अधिकारीहरूसँग द्विपक्षीय वार्ता गर्नु हुनेछ।

**टेनिस**

भारतका रोहन बोपन्ना र क्रोएसियाका उनका जोडी इभान डोडिग एटीपी संघाई मास्टर्स टेनिस प्रतियोगिताको पुरुष डबलको दोस्रो चरणमा प्रवेश गर्न सफल भएका छन्।

बोपन्ना र डोडिगको पाँचौं वरीयता प्राप्त जोडीले स्पेनका **पाब्लो कारेनो बुस्टा** र **पेड्रो मार्टिनेज**लाई पराजित गरेको थियो।

**ISSF शूटिंग**

पेरुमा भइरहेको ISSF जुनियर विश्व सुटिङ च्याम्पियनसिपमा भारतीय शूटर दिवांशी अनि सुरज शर्माले स्वर्ण पदक जितेका छन् भने मानवी जैन र मुकेश नेलावल्लीले कास्य पदक जितेका छन्। प्रतियोगितामा  भारत १३ स्वर्ण, दुई रजत र 6 कास्य पदकसहित कुल २१ पदक जितेर पदक तालिकाको शीर्ष स्थानमा रहेको छ। दोस्रो स्थानमा रहेको नर्वेले चार स्वर्ण, तीन रजत र तीन कास्यसहित कुल १० पदक जितेको छ।

**T20 विश्वकप**

महिला T20 क्रिकेट विश्वकपमा अहिले इंग्ल्याण्ड र बंगलादेशको खेल शारजाहमा शुरु भएको छ। विश्वकपमा आज दिउँसो भएको म्याचमा अष्ट्रेलियाले श्रीलंकालाई 6 विकेटले पराजित गऱ्यो।

यसभन्दा अघि हिजो राति भएको म्याचमा भारत न्युजिल्याण्डसँग पराजित भएको थियो। भारतले अब भोलि पाकिस्तानसँग खेल्ने छ, त्यसपछि ९ अक्टोबरमा श्रीलंका र 13 अक्टोबरमा अष्ट्रेलियासँग खेल्नेछ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **हरियाणा विधानसभाका सबै ९० सिटका लागि मतदान शान्तिपूर्ण सम्पन्न, 6१ प्रतिशत भन्दा धेरै मतदान**
- **सरकारका हरेक निर्णय र नीति विकसित भारतका निम्ति समर्पित रहेको प्रधानमन्त्रीको भनाई**
- **उपराष्ट्रपतिले पूर्वोत्तर क्षेत्रलाई देशको आत्मा बताउनुभयो**
- **इस्लामाबादमा हुने शाङ्घाई सहयोग संगठन शिखर सम्मेलनमा भारतले पाकिस्तानसँग आपसी सम्बन्धबारे छलफल नगर्ने विदेशमन्त्रीको भनाई**
- **जुनियर विश्व सुटिङ च्याम्पियनसिपमा भारतीय खेलाडीहरूको उत्कृष्ट प्रदर्शन जारी, अनि**
- **महिला T20 क्रिकेट विश्वकपमा अहिले इंग्ल्याण्ड र बंगलादेशको भिडन्त हुँदै**

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो